अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल

प.सं. २०८२/०८३ (प्रशासन शाखा)
च नं.

मिति-२०८२/०५/२४

## शोक विदा सम्बन्धी सूचना ।

मिति २०८२ साल भदौ २३ गते सोमबारका दिन राजधानी काठमाडौं लगायत देशका विभिन्न शहरहरुमा भएको Gen-Z पुस्ताका नेपाली युवाहरुद्वारा आयोजित आन्दोलनको क्रममा भएको दु:खद घटनाप्रति अर्जुनधारा नगरपालिका गहिरो शोक प्रकट गर्दछ। नेपालको संविधानले प्रत्येक नेपालीहरुको मौलिक हक अन्तर्गत विचार तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता गरेको हुँदा यसको सम्मान गर्दै राज्यले नीतिगत, संस्थागत तथा प्रक्रियागत सहजता सुनिश्चित गर्नु पर्छ भन्ने यस नगरपालिकाको मान्यता रहेको छ। यस दु:खद घटनामा दिवंगत हुनु भएकाहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछौं साथै सम्पूर्ण पक्षलाई संयमता अपनाउन आग्रह गर्दछौं।

यसै सन्दर्भमा सम्पूर्ण दिवंगतहरूको सम्मानमा आज मिति २०८२/०५/२४ गते मंगलवार अर्जुनधारा नगरपालिकाले नगरक्षेत्रभित्र राष्ट्रिय झण्डा आधा झुकाउने र नगरपालिका मातहतका सम्पूर्ण वडा कार्यालयहरु, सामुदायिक एवम् संस्थागत विद्यालयहरु, स्वास्थ्य संस्थाहरु (शनिश्चरे नगर अस्पताल र आकस्मिक सेवा बाहेक) सम्पूर्ण कार्यालयहरुमा १ (एक) दिन शोक बिदा दिने नगर प्रमुखस्तरीय निर्णय भएको व्यहोरा अनुरोध छ।

अनोज कुमार घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

फोन नं : ०२३-५९७००२/०२३- ४६५५०२
इमेल: arjundharamun@gmail.com/ info@arjundharamu.gov.np
वेभसाइट: www.arjundharamun.gov.np